हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : ११२ पृष्ठ : ४ २०७७ मंसिर ०७ गते आइतबार (Sunday 22 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल**

लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि

फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

# प्रविधिले किसानलाई सहज

## खेतमै धान काट्ने र पेल्ने मेसिन पुगेपछि किसान खुशी भएका छन्





खेतमा धान बाली पाकिसकेको थियो । किसानहरूलाई बाली भित्र्याउन चटारो छ । लहान नगरपालिका-१४ बस्तीपुर गाउँका किसान रामदयाल साहले धान काट्न गाउँमा मजदुरको खोजी गरे । तर उनले मजदुर पाएनन् । पाउँदापनि महँगो ज्याला माग्यो । अन्ततः उनले मेसिनको साहारा लिने निधो गरे । प्रति घण्टा ६ हजार रूपैयाँमा खेतमै धान काट्ने र पेल्ने मेसिन बोलाए । आफ्नो ७ कठा खेतको धान ३० मिनेटमै उनले मेसिनको साहारामा भित्र्याउन सफल भए ।

उनी जस्तै गाउँका बस्तीपुर गाउँका दर्जनौं किसानले मेसिन लगाएर धान बाली घर भित्र्याएका छन् । किसानलाई धान बाली लगाउने बेला जति मेहनत गर्छन, त्यति नै मेहनत भित्र्याउन पनि लाग्दछ । काट्न, पेलाउन सबै काममा मजदुर आवश्यक पर्छ । उब्जनी भएको आधी बाली मजदुरकै मजदुरी तिर्नमा सकिन्छ । तर, प्रविधि आएपछि किसानलाई सहज भएको छ । 'मजदुरले तीन सम्म लगाएर गर्ने काम मेसिनले एकछिनमै सकायो,' किसान साहले भने,'धान भित्र्याउन यसवर्ष खर्च कमै लाग्यो ।' गाउँमा आजभोली मजदुर खोज्नपनि झन्झटिलो हुँदै गएको उनले सुनाए । काम गर्न आउँदा ज्याला बढी लाग्छ । खाना, खाजा त्यसमा रक्सी पनि खुवाउनु पर्ने बाध्यता रहेको उनले बताए । प्रविधिले किसानलाई खेती गर्न सहज बनाएको उनले सुनाए । 'धानको खेत तयार गर्न ट्याक्टर लगाउनुपर्छ । रोप्न मजदुर लाग्छ । त्यसपछि पानी र मलखाद हाल्नुपर्छ,' सोही खुसिया यादवले भने,'काट्ने बेला फेरी मजदुर । पेल्ने बेला मेसिन । सबै ठाउँमा खर्च तिर्दै जाँदा हिसाब बराबर भइहाल्छ ।' पछिल्लो पटक खेतमै पुगेर मेसिनले काट्ने र पेल्ने काम एकै पटक गर्दा सहज भएको उनले बताए ।

'गाउँ-गाउँमा मजदुर भेट्दैन् । सबै काम गर्ने बैदेशिक रोजगारमा गएका छन्,' रामप्रसाद यादवले भने,'खेती गर्न अप्ठ्यारो लागिरहेको बेला प्रविधिले साहस थपेको छ ।' सरकारले किसानलाई मल र विउविजनमा सहुलियत गरिदिए खेती गर्न आकर्षित हुने उनको भनाइ छ । खेतबाट धान भकारी राख्दा सम्म हप्तौं लाग्थ्यो अब प्रविधि आएपछि एकैदिनमै त्यति काम भइरहेको उनले सुनाए ।

# कटुवा पेस्तोलसहित एक जना पक्राउ

लहान । प्रहरीले सिरहाको औरही गाउँपालिका-५ बाट



शनिबार कटुवा पेस्तोल सहित एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार औरही गाउँपालिका-५ का २२ वर्षीय रबिन दासलाई कटुवा पेस्तोल र सोमा लाग्ने तीन थान गोली सहित पक्राउ गरेको हो ।

औरही गाउँपालिका-५ कै विनोद कुमार यादवलाई पुरानो रिसइबिको कारण दासले कन्चटमा गोली ताकेपछि स्थानीयले प्रहरीमा खबर गरेपछि उनलाई पक्राउ गरिएको हो । घटनाको बारेमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




# छठ सम्पन्न





चारदिनसम्म मनाइने महापर्व छठ शनिबार उदाउँदो सूर्यलाई अर्घ दिएसँगै विधिवतरूपमा सम्पन्न भएको छ ।

शुक्रबार साँझ अस्ताउँदै गरेको सूर्यलाई अर्घ दिएका ब्रतालुहरूले शनिबार बिहान उदाउँदै गरेको सूर्यलाई अर्घ दिएका हुन् । यससँगै सत्य र अहिंसाप्रति मानवको रूचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने चाड छठपर्व सम्पन्न भएको छ । यो पर्वमा पहिलो दिन नुहाएर चोखो भई खाने, दोस्रो दिन खरना, तेस्रो दिन अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घदिएपछि विधिवतरूपमा समापन हुन्छ । छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइने जनविश्वास छ ।

सिरहाका प्रमुख जलाशयहरू कमला नदी, घुर्मी खोला, कमलदह, गागन, खुट्टी, बलान खोला लगायतका विभिन्न खोलानाला तथा पोखरी, तालतलैयाको किनारामा श्रद्धालुहरूले विभिन्न सजावटका साथ छठ पर्व धुमधामका साथ मनाए । बेहुली झैं सिंगारिएका खोलानाला छठी मैयाको गीतले गुन्जिए । प्रायजसो महिलाहरू छठ पर्वमा ब्रतालु बस्ने गरेपनि पुरूषसमेत ब्रतालु बसी पुजामा सरिक हुँदै आएका छन् । सन्तान प्राप्ति, निरोगिता, सुख, समृद्धि र चर्मरोग निको हुने जनविश्वासका साथ श्रद्धालुहरूले श्रद्धापूर्वक छठ पर्व मनाउँछन् ।

कोरोना महामारीका कारण यसवर्ष केहीले आफ्नै घरको छत र आगनमा कृत्रिम पोखरी बनाएर पूजा समेत गरेका छन् ।




**फ्रेन्डस मोडल हस्पिटल, लहान ४**

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**

बालरोग विशेषज्ञ — डा. बृजेन्द्र यादव

मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## आस्थाको महापर्व छठ

**आस्थाको महापर्व छठ पर्व यसवर्ष पनि विधिपूर्वक समापन गरिएको छ । मूल विधि चतुर्थीदेखि शुरू भई षाष्ठीका दिन बेलुकी अस्ताउन लागेको र सप्तमीका दिन उदाउँदो सूर्यलाई अर्घ्य दिई पूजाअर्चना गरी यो पर्वको समापन गर्ने परम्परा रहेको छ ।**

**इतिहासमा वर्णित अनुसार ब्रतालुहरुले सरोवर गङ्गासागर र अरगजालगायतका पोखरीमा दुवै हत्केलामा पिठार र सिन्दूर लगाई अक्षता, फूल लिई आफ्नो खेतबारीमा उपादन भएका सामग्री र घरमा बनाइएको विशेष प्रकारको पकवान सूर्यलाई अर्घ्य अर्पण गरियो । अर्धमा ठकुवा, कसार, केरा, उखु, मेवा मिष्ठान, गैंडागुडी र विभिन्न वनस्पति, भुसवा, माटोको हात्ती, सूप, कनसुपती, कलशसहितको घैंटो सूर्यलाई अर्पण गर्ने चलन रहेको छ । सूर्यलाई दिइने अर्घ्यमा ठकुवालाई समृद्धि, उखुलाई आरोग्य, केरालाई विष्णु र कृषि उत्पादनलाई प्रकृतिप्रति कृतज्ञताको द्योतक मानिन्छ ।**

**छठ पर्वको मूल सन्देश भनेकै समन्वय, समावेशी र सादगीपन हो । छठ पर्व महिलाको अगुवाइमा समाज र परिवारको हितका लागि सङ्कल्प गरिन्छ, जो यसको महत्वपूर्ण पक्ष हो । अस्ताउने र उदाउने दुइटै सूर्यलाई अभिनन्दन गर्नुको अर्थ जीवनमा सुख, दुःख, रोदन र हाँसोलाई समानरूपमा र जीवनकै पाटोको रूपमा लिइनु हो ।**

**धनी, गरिब, कथित तल्ला र माथिल्ला जाति एकै ठाउँमा उपस्थित भई पूजा गर्नु ईश्वरीय सत्ताको दृष्टिमा सबै समान हुने सन्देश दिन्छ भने सूर्यको उपयोगिता कृषि संस्कृतिमा अपरिहार्य भएको अभिव्यक्ति पनि यस पर्वले दिन्छ । आफ्नै गाउँघरका खेतबारीमा उब्जने कृषि उत्पादनलाई प्रयोग गर्नु यो पर्वको थप मौलिक विशेषता हो, जो आडम्बरविहीनताको परिचयसँगै श्रमको सम्मानको परिचायक मानिन्छ । सूर्यको आराधनाबाट चर्मरोग निको हुनुका साथै सन्तान र धन प्राप्ति हुने जनविश्वास छ ।**

**छठ पर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्य पनि त्यत्तिकै छन् । वैज्ञानिक र ज्योतिष तथा चिकित्सकले पनि सूर्य तत्वबाट आफ्नो ज्ञानको अभिवृद्धि गरी जनकल्याणका लागि अन्वेषण गरेका छन् । ऋग्वेदमा सूर्य नै बल, यश, चक्षुस्रोत, आत्मा र मन भएको कुरालाई ध्यानमा राखी पनि व्रतालुले यो पर्वमा सूर्यको आराधना गरी मनोवाञ्छित फल प्राप्त गर्ने गरेको विश्वास पाइन्छ । कोरोना संक्रमणको त्रास भए पनि छठका अवसरमा बेहुलीझैं सिङ्गारिएका पोखरी र तलाउमा नवबस्त्रमा सजिएका श्रद्धालुको भीड पनि दर्शनीय रहेको थियो ।**

# संघीयता, स्थानीय तह र स्थानीय सेवा

पालिका बहस

सुरज प्रसाद जोशी



**पृष्ठभूमि :**

नेपालमा संघीयता प्रतिको प्रतिबद्धता नेपालको अन्तरिम संविधान, २०६३ बाट नै भयो र यसले औपचारिकता भने नेपालको संविधान लागू भएपश्चात् प्राप्त गऱ्यो । वि.स. २०७२ मा नेपालको संविधान मार्फत औपचारिकता प्राप्त गरेको संघीयताले पनि नेपालको शासकीय अभ्यासको इतिहासमा एक नयाँ बहस र चर्चा कमायो र सँगसँगै इतिहासमा नयाँ रेखा पनि कोरेको छ । यसको सुरूवात देखि नै विभिन्न किसिमका कुराहरु बहसमा आए । स्वाभाविक पनि हो कुनै नयाँ कुरा आएपछि त्यसमा राम्रा नराम्रा सबै प्रकारका मिश्रित प्रतिक्रियाहरु आउँछन् नै । तर प्रश्न कहाँनेर आउँछ भने के हाम्रा आदरणीय राजनीतिक नेतृत्वगणहरूले यसको विषयमा गम्भीर रूपले अध्ययन गरेर मात्रै प्रयोगमा ल्याएका हुन त ? यो प्रश्न गम्भीर र अनुत्तरित नै छ हालसम्मलाई । वि.स. २०६३ को प्रतिबद्धता पछि वि.स. २०७२ सम्मको यो करिब १० वर्षको अवधिमा यसको बारेमा अध्ययन विश्लेषणहरु कतिका भए र यसको औचित्यता बारे निष्कर्ष निकालेरै यसको अभ्यास भएको हो त भन्ने कुरामा नै यसको भविष्य अड्केको हो कि जस्तो पनि लाग्छ ।

केही राजनीतिक दल अझै पनि यसको विपक्ष मै हुनुहुन्छ र भनिराख्नु हुन्छ की नेपालले संघीयता धान्दैन । के साँच्चिकै नेपालले संघीयता धान्दैन त ? यसको बारेमा गहन अध्ययन हुन आवश्यक देख्छु । किनकि हामीले दीर्घकालीन नीतिको खोज गरी प्रयोगमा ल्याउन सकेनौं भने त्यो टिक्दैन । एक न एक दिन त्यसको मर्म अन्त्य हुन्छ नै हुन्छ । हाम्रो विगतको राणाकाल, पञ्चायत काल, बहुदलबाट पनि यसको निष्कर्ष निकाल्न सक्छौं । गाउँ गाउँमा सिंहदरबारको प्रत्याभूति गर्न र सेवालाई जनताको वरिपरि पुऱ्याउने नीतिअनुरूप प्रयोगमा ल्याइएको संघीयताका मुख्य उद्देश्यहरु सर्वप्रथम प्रस्ट हुन जरूरी हुन्छ । उदाहरणका लागि एउटा सानो गाउँ छ त्यस गाउँका सबै सदस्यहरूलाई बोलाउन पऱ्यो भने, यदि ठुलो आवाजले बोल्दा सबैले सुन्छन् भने बिचमा बिचौलिया राखे जस्तो गरेर बोलाइदिनु होला भनेर भन्नु आवश्यक हुँदैन । ठिक त्यसैगरी नेपालमा मैले देखेको संघीय र स्थानीय संरचना भए पुग्ने जस्तो लाग्छ मलाई । संघले नेतृत्व र अभिभावकत्व गरेर स्थानीय तहले त्यसको कार्यान्वयन गर्ने किसिमले जान सकिन्थ्यो संघीयतामा र अझै पनि त्यो संरचना कायम गर्न सकिन्छ । तर अब जे होस् संघीयता लागु भइसक्यो त्यसैले यसको विकल्प खोज्नु भन्दा पनि अब यसलाई सुदृढीकरण कसरी गर्ने र व्यवहारिक प्रयोग कसरी गर्ने भन्ने तर्फ लाग्नु आवश्यक र समय सान्दर्भिक देखिन्छ र हुन्छ ।

**शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनमा के समस्या देखियो त?**

स्थानीय तहहरुको स्थापनापश्चात् निर्वाचन भएर जनप्रतिनिधिहरूको उपस्थिति पनि देखियो र त्यो एक किसिमको अभिभावकत्व पनि हो । ३स- सहकार्य,समन्वय र सहअस्तित्वको सिद्धान्त अनुरूप नै स्थानीय तहहरूले पनि नीति नियम बनाउने र कार्यान्वयन गर्ने र गराउने कार्य हुन थाल्यो । कतिपय ठाउँहरूमा त द्वन्द्वात्मक अवस्था पनि देख्न पाइयो र अझै पनि छ । शक्ति पृथकीकरणको सिद्धान्तले के भन्छ त भने एकै व्यक्ति एकै समयमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा बस्न पाउँदैन । किनभने त्यसो हुँदा शक्तिको दुरूपयोग हुन सक्दछ । नियन्त्रण गर्ने कोही नहुन सक्दछ र एकलौटी शासन वा अझ भन्दा अटोक्रेसीको सम्भावना हुन्छ । हाम्रो संघीयतामा ठ्याक्कै त्यस्तै अभ्यास गरियो र संघीयताको वास्तविक अभ्यास हुन पाएन । गाउँ गाउँमा सिंहदरबार त भन्यौं तर त्यहाँ सिंहहरु मात्रै पुगेको गुनासो जुन सुन्नमा आउँछ त्यो त्यसै कारणले गर्दा आएको हो । साँच्चै भन्दा नेपालमा संघीयतापश्चात स्थानीय तहहरु अटोक्रेसी तर्फ गएकै हुन र गइरहेका छन् ।

कार्यकारिणी अधिकार पनि प्रमुख र अध्यक्षको हुने र सभाध्यक्ष पनि सोही व्यक्तिले हुन मिल्छ त? न्यायपालिका प्रमुख र कार्यकारिणी उपप्रमुख नै हुन कत्तिको जायज छ त । के यस्तो किसिमको संघीयतामा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको औचित्य छ त ? न्याय दिने व्यक्तिले नै के कार्यान्वयन र सोको अनुगमन गर्न मिल्छ त ? कार्यपालिकाको अध्यक्षता गरिरहेकै व्यक्ति सभाध्यक्ष हुने हो भने सभाको औचित्य के हुने भन्ने प्रश्न त उठ्ला नि होइन र ? अनि यस्तो किसिमको अन्योल संघीयताले हामी कसरी र कहिले सफल हुने ?

**संघीयता र स्थानीय सेवा**

संघीयताको व्यवहारिक प्रयोगपश्चात् स्थानीय तहहरु गठन भए र लोक सेवा आयोग पनि सोही अनुरूप नै संरचनागत र कानुनी रूपले संघीयतामा गयो । प्रदेश लोक सेवा आयोग गठन भए तर सम्पूर्ण व्यवस्थाहरु भइनसकेका कारणले गर्दा खेरी संघीय लोक सेवा आयोगले नै पहिलो पटकका लागि सम्पूर्ण भर्ना प्रक्रियाको जिम्मा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ र नेपाल सरकार ( मन्त्रिपरिषद्) को मिति २०७६।०२।०६ को निर्णयअनुसार लिएको देखिन्छ । सो समयमा न अन्तर प्रदेश सरूवा नहुने कुरा नै स्पष्ट राखिएको थियो न त अन्तरसेवा प्रतिस्पर्धा नहुनेरनपाउने कुरा नै थियो । तर एकाएक यो कुरा कसरी आउन थाल्यो र मुख्य कुरा त ट्रेड युनियनहरूले यसबारेमा केही नबोल्दा झन् स्थानीय तहमा कार्यरत कर्मचारीहरूमा निराशा र साँच्चिकै अभिभावकत्वको कमी र राज्यले सेवा सुविधामा विभेद गरेको महसुस भएको छ । अभिभावकत्व नहुँदा आवाज सानो हुन पुगे पनि आवाज उठ्न थालिसकेको छ र यसले एक न एक दिन ठुलो रूप लिने कुरा निश्चित नै छ । यसको व्यवस्थापन समयमै गर्न सकिएन भने स्थानीय तहमा कार्यरत कर्मचारीहरु आफ्नो अधिकारका लागि आन्दोलित हुने स्थिति सिर्जना हुन पुग्दछ र संघीयता कार्यान्वयनमा अवरोध पुग्न गई सेवा प्रवाह अनिश्चित हुने प्रस्टै छ । त्यस कारण यस्तो किसिमको विभेदीकरणको अन्त्य गर्दै सबैलाई समान रूपले व्यवहार गर्न तर्फ राज्य केन्द्रित हुनु आवश्यक देखिन्छ ।

**संघीयताको सफल कार्यान्वयन र स्थानीय तहमा कार्यरत विभिन्न सेवाका कर्मचारीहरूबीचको द्वन्द्व समाधानको पाटो :** त्यसको दीर्घकालीन र मुख्य समाधानका लागि देहायका बुँदाहरूको वास्तविक प्रयोग गर्न जरूरी देखिन्छ ।

- विभेदीकरणको नीतिको व्यवहारिक अन्त्य ।
- अन्तरसेवा प्रवेशमा स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई बिना कुनै विभेद निश्चित कोटाको व्यवस्था ।
- अन्तरप्रदेश सरूवाको व्यवस्था ।
- वृत्ति विकासका अवसरहरूको व्यवस्था र विना कुनै विभेद पहिलेका कर्मचारीले पाउने झैं गरी अधिकृतलाई ६ महिनाको सेवा प्रवेश तालिम र सहायकस्तरलाई ३ महिनाको अनिवार्य सेवा प्रवेश तालिमको व्यवस्था ।
- संघीय कर्मचारीले पाउने सम्पूर्ण सेवा सुविधाहरु स्थानीय तहमा कार्यरत कर्मचारीले पनि पाउने व्यवस्था र स्थानीय सेवालाई पनि स्थानीय निजामती घोषणा गरी सोही बमोजिमको व्यवस्था ।
- स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको कर्मचारी बाट नै हुने व्यवस्था । बरू सोको कार्यसहजताका लागि सरूवा प्रक्रियामा अहिलेका संघीय कर्मचारीको जस्तै गरी आवश्यकताअनुसार मन्त्रालयले जुनसुकै बेला पनि गर्न सक्ने व्यवस्था राख्न सकिने ।
- निश्चित वर्ष र योग्यता क्षमता र कार्यसम्पादन मूल्यांकन र अनुभव प्राप्त गरेपश्चात् स्तरबृद्धिको व्यवस्था हुनुपर्ने ।
- स्थानीय तहको सेवालाई सम्पूर्ण निजामती सेवाको प्रवेशद्वार (Gateway) बनाइनुपर्ने ।
- संघमा कार्यरत कर्मचारी प्रदेश र स्थानीयमा र प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी संघमा जान आउन पाउने व्यवस्था ।

विभिन्न सेवाका कर्मचारीहरूबीचको अन्तरसम्बन्ध बलियो र मजबुद

________बाँकी ३ पेजमा

## आजको राशिफल

**मेष** :- आज शुभकार्यको चर्चा चल्नेछ । दाम, इनाम र प्रतिष्ठाकमाउने बेलाछ । भौतिक सुविधाका साधन खरिद गर्ने अवसरपनि जुट्न सक्छ ।

**वृष** :- जोश जाँगर र हिम्मत वढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । परिवारिक सद्भाव बढ्नेछ ।

**मिथुन**:- परोपकारी कार्यमा संलग्न भइनेछ । साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुने र प्रेमीको सहयोग प्राप्त हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला ।

**कर्कट** :- आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । कष्टकर यात्रा गर्नुपर्ला । भ्रमण, तथा खानपान खर्च बढ्नेछ ।

**सिंह**:- आज रमाईलो यात्रा रहनेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । शुभ समाचार सुन्न पाइएला ।

**कन्या** :- बिद्या तथा प्रतिशपर्धामा सफल भईनेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन । प्रेमीको सहयोग पाईनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ ।

**तुला** :- आज आँटेको र ताकेको कार्य पुरा होला । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । दिनको उत्तरार्धमा मन पर्ने व्यक्तिसँग भेटघाटपनि हुनेछ ।

**वृश्चिक** :- नयाँ कार्यको योजना बन्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । धार्मिक यात्राको योगछ ।

**धनु** :- सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । कुटुम्बको सहयोग मिल्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**मकर** :- आज परोपकार गर्नुमानै भलो हुनेछ । घरपरिवारमा रमाइलो वातावरण छाउनेछ, तर विश्वासपात्रलाई वचन दिदा संयमता अपनाउनुहोला ।

**कुम्भ**:- धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ । राज्यबाट सहयोग मिल्नेछ ।

**मिन** :- राज्यबाट दण्ड तथा जरिवाना हुँन सक्छ अतः काम गर्दा सजक भएर गर्नुहोला । मन खिन्न हुने स्थिति आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ । र परोपकारमा रूचि बढ्नेछ ।

# रिसको मौन इतिहास

निर्जला अधिकारी

**मा**निस आवेगात्मक प्राणी हो । चाहेर नचाहेर प्रेम, घृणा, रिस, सहानुभूति, तिरस्कारजस्ता आवेगबाट मानव जीवन टाढा छैन । 'रिस' जस्तो संवेदनाका बारेमा खुलेर चर्चा गर्न हामी अझै धक मान्छौं । रिसको इतिहास अरू मानव संवेदनाको इतिहास झैँ छलफलको मूलधारमा आएको देखिँदैन । हामी रिसविनाको जीवन त बाँच्दैनौ तर त्यसलाई मानव संवेदनाको रूपमा लिएर बहस गर्न पनि सकिरहेका छैनौ ।

रिस व्यवस्थापनमा जति पुस्तकहरू स्वयंमा रिसका बारेमा लेखिएका रहेनछन् । रिसलाई हामीले कहिल्यै अरू मानव संवेदना झैँ सामान्यीकरण गरेनौ । फलस्वरूपः 'रिस' का बारेमा बोल्नु कहिल्यै उचित ठानिएन । आज पनि रिसको नाम सुन्नेबित्तिकै यो त खराब आदत हो भन्ने हामीलाई लाग्छ । यसले रिस बारे हुने बृहतर छलफललाई रोक्ने गर्छ ।

हामी किन रिसाउँछौ ? किन असन्तुष्टिका हुन्डरी चलेका बेला अरूको झैँ हाम्रो आवाज पनि चर्को हुने गर्छ ? दुई चार शब्द गालीका दिएरै भए पनि किन हामी आफ्नो रिस शान्त पार्छौं ? रिस बारे प्रश्नहरू कैयौं छन् तर किन हामी रिस शब्द सुन्नेबित्तिकै पन्छिन्छौं ? किन भन्न सक्दैनौ अरूजस्तै म पनि रिसाउँछु, मेरो पनि रिस कडा छ ? मैले पहिलोपटक सार्वजनिकरूपमा 'म रिसाउँछु' भनेर उद्घोष गरेको सुनेको केदारभक्त माथेमाले हो । सुन्दासुन्दै मलाई लाग्यो यसभन्दा सही र सटीक अभिव्यक्ति अरू हुन सक्दैन ।

मानिस रिस बेगरको प्राणी त पक्कै होइन तर हरेकपटक रिसको अस्तित्वलाई हामी नकार्न खोज्छौं । नाट्यशास्त्रका व्याख्याता भरत मुनिले व्याख्या गरेका नवरसमध्ये क्रोध पनि एक हो जसको सामान्य अर्थ रिस नै हो । उनका अनुसार रौद्रताको स्थायी भाव नै क्रोध हो जसको अस्तित्व मानवीय संवेदनाको अभिव्यक्तिमा सधैं रहन्छ ।

हो हामी रिसाउछौं जस्तो की प्रेम गर्छौं, खुसी हुन्छौं, दुःखी हुन्छौं । हामीसँग अपूर्णता, अप्राप्ती, र असन्तुष्टीहरू छ त्यसैले त क्रोध पनि छ । त्यसैले त हामी झर्कन्छौं, खुट्टा बजार्छौं, चिच्याउछौं, रून्छौं, गाली गर्छौं । अपूर्णता, असन्तुष्टि नभए सायद रिस पनि हुँदैनथियो ? तर किन रिसको इतिहास प्रेमको इतिहास झैं खुलापनको राजमार्गमा आएन ? किन हामीलाई रिस पनि आवश्यक छ भन्ने लागेन ? मलाई लाग्छ, सामाजिकीकरणसँगै रिस बिस्तारै सामाजिक वर्जना (ट्याबु) बन्यो जसलाई खुलारूपले हामीले स्वीकार्न सकेनौ । जब यो नियन्त्रणको सीमाबाट नाघ्यो तब यस्ले अर्को विध्वंसको रूप लियो जस्तो हत्या, मानहानि, दुर्व्यवहार आदि इत्यादि ।

सामान्य शब्दमा रिस असन्तुष्टि, अपूर्णता, अप्राप्तिहरू व्यक्त गर्ने माध्यममात्र हो । रिसाउन हामी स्वतन्त्र छौं भने हाम्रा असन्तुष्टिहरू पनि अरू सामान्य संवेदना जसरी अहिंसात्मकरूपमा नै बाहिर निस्कन्छन् । उदाहरणका लागि उदार समाजमा गरिने बौद्धिक बहस वा प्रतिक्रिया रिसको अभिव्यक्ति नै हो तर यो व्यक्त गर्दा कोही हिंसात्मकरूपमा प्रस्तुत हुँदैन । तर, जब हामी असन्तुष्टि व्यक्त गर्न सक्दैनौ तब रिसको अभिव्यक्ति कठोर पनि बन्न पुग्छ । हामी चिच्याउछौं, चिच्याउँदा पनि भएन भने हामी गालीसम्म पुग्छौं । समयमै रिसलाई अभिव्यक्त गर्न नसके त्यसको परिणाम सुमधुर नहुन पनि सक्छ ।

रिसका सम्बन्धमा एउटा पौराणिक प्रसङ्ग एकदमै रोचक लाग्छ । धेरैलाई थाहा छ, दुर्वासालाई रिसाहा ऋषि भन्ने गरिन्छ । उनका रिसका प्रसङ्गहरू पुराणहरूमा प्रशस्तै भेटिन्छ । तीमध्ये उनले शकुन्तलालाई दिएको दिएको श्राप पनि एक हो । अचम्म, त्यस्ता विद्वान् ऋषि भएर पनि किन उनले राजा दुष्यन्तको प्रेममा डुबेकी शकुन्तलालाई त्यस्तो श्राप दिए – जसलाई उनले प्रेम गरिन् उसैले बिर्सियोस् भनेर । उनको रिसको अभिव्यक्ति ऋषि सुहाउँदो छैन ।

रिसको इतिहासलाई पुरूषत्वसँग पनि जोडेर हेरिन्छ । छोराहरू छोरीको तुलनामा सजिलै रिस व्यक्त गर्छन् । आज पनि छोरीहरू रिसाएर दुई चार शब्द श्लील अश्लील गालीका दिनुलाई अचम्म मानिन्छ भने पुरूषले प्रशंसा गर्दा तिनै शब्दहरू प्रयोग गर्नुसमेत स्वाभाविक ठानिन्छ ।

रिसाउनु असन्तुष्टि व्यक्त गर्नु पनि हो । कहिलेकाहीँ रिसाउन पनि जान्नुपर्ने रहेछ । तीन वर्ष एउटा निजी संस्थामा काम गरेँ । सयभन्दा बढी महिला कर्मचारी भएको उक्त संस्थामा जब केही विषयमा छलफल हुन्थ्यो चर्को बोली सधैं पुरूषहरूकै हुन्थ्यो । असन्तुष्टि त हाम्रा पनि थिए । रिस त हामीलाई पनि उठ्थ्यो । तर किन हामी नरिसाएझैँ गर्छौं ? कहिलेकाहीँ लाग्थ्यो कोही महिला उठोस् र भनोस् तिमी जे बोल्दैछौ त्यो गलत हो । हामी कसैले सकेनौ । किनभने घरबाट निस्कदाँ सधैँ एउटै वाक्य सुन्नुपर्थ्यो न रिसाएस् है ! कसैले भनेनन् हामीलाई केही मन नपरे रिसाउने पनि गर, टेबल ठोक्ने पनि गर भनेर । आजकल त्यस्तै मिटिङसिटिङमा रिसाउन नजानेकोमा पनि पछुतो लाग्छ ।

रिसलाई हामी दबाउन सकौंला तर मानव संवेदनाबाट सिंगो रिस अस्तित्व नकार्न सक्दैनौ । हामी माथेमा सरले जसरी म रिसाउँछु मलाई रिस उठ्छ भन्न नसकौंला । रिसका पनि व्यक्तिगत र सामूहिक आयामहरू हुँदा रहेछन् । व्यक्तिगत रिसलाई शान्त पार्न जति सजिलो छ सामूहिक रिसलाई त्यति नै गाह्रो । जब रिस व्यक्तिप्रति लक्षित नभई सामूहिक प्रतिक्रिया चासो र सुनुवाइ रोज्छ भने त्यो रिसको सामूहिक आयाम नै हो । सायद सभा, सम्मेलन, आन्दोलन, मोर्चा सामूहिक रिस व्यक्त गर्ने माध्यम नै हुन् । सामूहिक रिसको व्यक्तिगत स्तरको अभिव्यक्ति कमजोर बन्न पुग्छ । त्यसका लागि सामूहिक अभिव्यक्ति नै चाहिन्छ । रिसको बारेमा कम छलफल भएको त हो तर पूर्वीय दर्शनमा क्रोधको व्याख्या भरतमुनिको नाट्यशास्त्रदेखि रामायण, महाभारत सबैमा भेटिन्छ । समयसँगै हामीले रिसको इतिहास र अस्तित्वलाई नकार्न खोजेका मात्र हौँ । दुनियाँमा रिसलाई अभिव्यक्त गर्ने तरिका पनि विभिन्न किसिमका भेटिन्छन् । मलाई लाग्छ, रिसलाई अभिव्यक्त गर्नु भनेको कम मानव हुनु होइन त्यो त मानव हुनुमात्रा नै हो । अब त रिस व्यक्त गर्न 'ह्यासट्याग'मात्र पनि काफी छ । त्यसैले रिसलाई कुण्ठित राख्ने होइन अभिव्यक्ति गर्ने सुन्दर तरिका रोजौं । फलस्वरूप हाम्रो रिसको अन्त्य कम हानिकारक बनोस् ।

## संघीयता...

भयो भने मात्रै संघीयताले पनि सार्थकता पाउँछ । जनताको नजिकमा रहेर फ्रन्ट लाईनबाट सेवा गर्ने कर्मचारी स्थानीय सेवाकै हुन । कर्मचारी समायोजन गर्दा खेरी स्थानीय रोज्न नखोज्ने र त्यो समयमा पेलेर पठाउनुपर्ने तर अहिले आएर स्थानीय तहमा सबै कुरा चाहिने र स्थानीय तहकै लागि सिफारिस भएकाहरूलाई कुनै किसिमको पनि सहयोग गर्न नखोज्ने र उल्टै हाम्रो भाग खोस्न आएजस्तो गरी व्यवहार गर्ने गरेको अवस्था पनि देखा परेको छ यो सरासर अनुचित हो र जो व्यक्ति स्थानीय तहमै सेवा गर्छु भनेर आएको छ उसको मनोबल गिराउने कार्य पनि हो र सिधा अर्थमा भन्दा यो संघीयता विरोधी कदम हो, काम गर्न नचाहने तर सुविधा मात्र खोजिरहने मनसाय हो ।

संघीयतालाई सफल हुन नदिने क्रियाकलाप हो । यसले दीर्घकालीन समृद्धि ल्याउँदैन । यसो हुँदा विभिन्न सेवाका कर्मचारीहरूबिचको द्वन्द्वात्मक स्थिति कै बीच संघीयताको अस्तित्व समाप्त हुने कुरा निश्चित हुन जान्छ । त्यसैले यो परिवर्तन हुन जरूरी छ । जे जस्तो अवस्था भएपनि स्थानीय तहमा आइसकेको व्यक्ति यदि स्थानीय तहमा बसेर राम्रो सँग काम गर्छु भन्छ भने त्यसको पनि व्यवस्था हुनु जरूरी हुन्छ । सबैलाई समेटेर लैजाऊँ । सबैलाई विन-विनको अवस्थाको सिर्जना हुन सके मात्र नै संघीयताले पनि सार्थकता पाउँछ र कर्मचारीहरूबीचको द्वन्द्व समाप्त हुन गई सेवा प्रवाहमा चुस्तता आउँछ । फलस्वरूप जनता र राज्यबीचको सम्बन्ध सुमधुर हुन गई साँच्चिकै देश समृद्धि तर्फ अगाडि बढ्दछ ।

*प्रशासन अनलाइनबाट*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६०११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६०१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।**

**कल्याणपुर नगरपालिका कार्यालय, सिरहा**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

# कोरोना खोप : कुनै देश छुट्न सक्छ ?

विशेषज्ञहरूले भनेका छन् कि कोरोना भाइरस (कोभिड–१९) को महामारी नियन्त्रणको एकमात्र उपाय विश्व एक हुनु हो ।विश्वभर हालसम्म साढे पाँच करोड मानिस कोरोनाबाट संक्रमित भइसके । उनीहरूमध्ये १३ लाखभन्दा बढीको मृत्यु भएको छ । महामारी नियन्त्रणमा आइनसकेकाले धेरैको आशा अब खोपमा छ ।यद्यपि कमजोर आय भएका मुलुकहरू भने यो खोपबाट बञ्चित हुन्छन् कि भन्ने चिन्ता भने कायमै छ ।अहिले विश्वभर नै स्वच्छरूपमा कोरोना खोप पुर्‍याउन विभिन्न किसिमका प्रयासहरू पनि भइरहेका छन् । तर, व्यावहारिकरूपमा खोप कसरी वितरण हुन्छ त ?

**खोप आउनुभन्दा पहिला नै खरिद गर्ने होड**

सुरूआती नतिजालाई मान्ने हो भने अहिलेसम्म कम्तीमा दुई खोप निकै प्रभावकारी देखिएका छन् ।अन्य केही खोपहरूको अन्तिम चरणको परीक्षण चलिरहेको छ र केही खोपको अन्तिम चरणको परीक्षणको नतिजा आउने क्रममा छ ।धेरै खोपहरू सुरूआती मानव परीक्षणको क्रममा छन् । यद्यपि अहिलेसम्म कुनै पनि खोपले मान्यता भने पाएका छैनन् ।तथापि खोप खरिद गर्ने क्रम भने जारी छ ।अमेरिकाको नर्थ क्यारोलियास्थित ड्युक युनिभर्सिटीका अनुसार अहिलेसम्म सम्भावित खोपको ६ अर्ब ४० करोड लाख डोज खोप खरिद भइसकेको आकलन गरिएको छ । त्यसका साथै तीन अर्ब २० करोड डोज खोप खरिदको वार्ताको क्रममा वा अहिलेको सम्झौताअनुसार बढाउन सकिने अवस्थामा राखिएको छ । लण्डन स्कुल अफ इकोनोमिक्सकी सहायक प्राध्यापक क्लेयर वेनहाम निर्माण हुनुअघि नै खोप खरिद गर्ने चलन नौलो नभएको बताउँछिन् ।उनका अनुसार जसले सुरूआतमा नै धेरै रकम तिर्न सक्यो, उसैको पालो पहिला आउँछ । उनका अनुसार अहिलेसम्मको अवस्था हेर्ने हो भने अधिकांश खोप उच्च आय भएका मुलुकले खरिद गरेका छन् ।

केही मध्यम आय भएका तथा खोप उत्पादनको क्षमता भएका मुलुकहरू पनि ठूलो खरिद सम्झौता गर्न सफल भएका छन् ।उदाहरणको लागि भारतको सेरम कम्पनीले आफूले निर्माण गरेकोमध्ये आधा खोप आफ्नो मुलुकमा वितरण गर्ने बताएको छ ।

साथै ब्राजिल र मेक्सिकोजस्ता अन्य केही मुलुकहरूले क्लिनिकल परीक्षणको लागि आवश्यक संरचना उपलब्ध गराउँदै भविश्यमा आउन सक्ने खोप पाउने आशा कायम राखेका छन् ।इन्डोनेसियाले चिनियाँ खोप निर्मातासँग सहकार्य गरिरहेको छ भने ब्राजिलले पनि अक्सफोर्ड युनिभर्सिटीले निर्माण गरिरहेको खोप निर्माण तथा परीक्षणमा सहकार्य गरिरहेको छ । अहिलेसम्म कुन खोपले काम गर्छ भन्ने स्पष्ट भइसकेको छैन तर विश्वभरका



मुलुकहरू भने एकभन्दा धेरै खोप खरिद गर्दै धेरै विकल्प खुला राख्न तम्सिएका छन् । अधिकांश खोप खरिद गर्नेमा भारत, युरोपेली संघ (ईयू), अमेरिका, क्यानडा र बेलायत छन् ।डब्ल्यूएचओले पनि विश्वभरका नेताहरूले सुरूमा आफ्ना नागरिकलाई यो खोपको सुनिश्चितता दिलाउनु स्वाभाविक भए पनि यो विश्वव्यापी महामारी भएकाले यसविरूद्ध संयुक्तरूपमा लड्नु जरूरी रहेको बताएको छ ।

**सीमित आपूर्ति**

ड्युक एनालाइसिसकी एन्ड्रिया टेलर अहिले भइरहेको खरिद सम्झौताले आगामी दुई वर्षको लागि खोपको उपलब्धता अन्य मुलुकका लागि सीमित हुने बताउँछिन् । उनका अनुसार अहिलेको अवस्था हेर्ने हो भने धनी मुलुकहरूले खोप पाउने र कम आय भएका मुलुकलाई भने यसको पहुँच निकै कम हुने अवस्था आउनेछ ।विशेषज्ञहरूका अनुसार खोप आएपछि बजारमा कति खोप आउँछ भन्ने यकिन हुन सकेको छैन । अझै पनि सम्झौता हुने क्रम जारी छ र यसको वितरण कसरी हुने भन्ने विषयमा अन्योल कायमै छ ।कोरोनाबारे किताब लेखिरहेका भारतीय लेखक चन्द्रकान्त लहरिया कम आय भएका मुलुकमा कोरोना खोप कसरी उपलब्ध हुन्छ भन्ने कुरा कति खोप निर्माण हुन्छ, कति छिटो निर्माण हुन्छ र ती खोप कहाँ उत्पादन हुन्छ भन्ने कुरामा निर्भर रहने बताउँछन् । भारतको खोप उत्पादन क्षमताको आधारमा खोपको भाउ निकै सस्तो हुने र कम तथा मध्यम आय भएका मुलुकमा पनि यसको उपलब्धता धेरै हुन सक्ने उनी बताउँछन् ।केही विश्लेषकहरू भने अहिले निर्माण भइरहेका मध्ये धेरै खोप सफल भएको अवस्थामा अहिले धनी मुलुकले विकल्पका लागि भनेर खरिद गरेका खोपहरू समेत अन्यत्र आपूर्ति हुने सक्ने बताउँछन् । यसले समग्र खोप आपूर्ति सन्तुलित हुन सक्छ । यद्यपि सन् २०२१ को अन्तिमसम्ममा कम तथा मध्यम आय भएका मुलुकमा ठूलो समुहमा खोप कार्यक्रम अघि बढ्ने सम्भावना निकै कम छ ।अमेरिकी कम्पनी फाइजरले आफ्नो खोप यस वर्षको लागि पाँच करोड र अर्को वर्षको अन्तिमसम्ममा एक अर्ब ३० करोड डोज उत्पादन हुने बताएको छ । प्रत्येक मानिसलाई यो खोपको दुई डोज आवश्यक हुन्छ ।यस्तोमा यो संख्या समग्र जानसंख्याको आधारमा हेर्ने हो भने निकै कम हुन आउँछ । यद्यपि मोडेर्ना कम्पनीले भने आफ्नो खोपको परीक्षणमा उत्साहजनक नतिजा देखिएको दाबी गरेकाले अन्य खोप पनि सफल हुन सक्ने अपेक्षा बढेको छ । धेरै खोप सफल भएको खण्डमा मात्र विश्वभर खोप आपूर्ति सहज र पर्याप्त हुन सक्ने देखिन्छ ।

**खोप वितरणको नयाँ योजना**

विश्व स्वास्थ्यमा असमानता नौलो कुरा होइन ।डब्ल्यूएचओका अनुसरा प्रत्येक वर्ष विश्वभर करिब दुई करोड बालबालिकालाई पर्याप्त मात्रामा खोप उपलब्ध हुँदैन ।

अनुसन्धानका अनुसार सन् २००९ मा स्वाइन फ्लुको महामारीको समयमा खोपको आपूर्ति एडभान्समा खरिद गरेको कारण अधिकांश धनी मुलुकहरूमा गरिएको थियो । वेनहामका अनुसार विश्वस्वास्थ्य करिब ९०र१० भागमा विभाजन हुन्छ । जहाँ विश्वका ९० प्रतिशत फर्मास्युटिकल उत्पादनहरू विश्वको १० प्रतिशत जनसंख्याको लागि जाने गरेको छ ।यस किसिमको स्वास्थ्य असमानता अन्त्य गर्ने उद्देश्यका साथमा कोरोना खोप वितरणका लागि डब्ल्यूएचओले महत्वपूर्ण विश्वव्यापी खोप योजना कोभ्याक्स अघि सारेको छ । यो योजनाअनुसार विश्वभरका कम्तीमा २० प्रतिशत मानिसलाई खोप लगाउने लक्ष्य छ ।धनी मुलुकहरूले सम्भावित कोरोना खोप खरिद गर्न थालेसँगै कम आय भएका मुलुकहरूलाई सहयोग गर्ने उद्देश्यका साथमा ल्याइएको हो । अहिलेसम्म यो योजनामा १८६ मुलुक सहभागी भएका छन् ।

यो योजनामा सहभागी मुलुकहरूले भने आफूहरूको बीचमा द्विपक्षीय सम्झौता भने जारी राखेका छन् । यसले कोभ्याक्सको योजनाअनुसार सबैले खोप पुर्‍याउने योजनमा भने असर पर्न सक्ने देखिएको छ ।

उदाहरणको रूपमा बेलायत र क्यानडालाई लिन सकिन्छ । उनीहरूले कोभ्याक्समा पनि लगानी गरिरहेका छन् । प्रत्यक्षरूपमा एकअर्कासँग वा फर्मास्युटिकल कम्पनीसँग खोप खरिदबारे वार्ता पनि गरिरहेका छन् । यस किसिमको कार्यले कोभ्याक्सको योजनालाई नै अवमूल्यन हुने केहीको तर्क छ । जसको कारण खोप वितरणमा धनी र कम आय भएका मुलुकबीच ठूलो अन्तर देखिन सक्ने आशंका देखिएको छ ।

*अनलाईनखबरबाट* /


# बरियारपट्टी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बरियारपट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

**मिति : २०७७।०८।०७ गते**

## सूचना ! सूचना !! सूचना !!!

**प्रस्तुत बिषयमा यस बरियारपट्टी गाउँपालिकाको कार्यालय, बरियारपट्टीका लागि कम्तीमा ६ महिना अवधि सम्मका लागि चार पाङ्ग्रे बन्द बडि भएको, कम्तीमा चालक सहित ९ सिट भएको फुल अप्सनको सवारी साधन आवश्यक भएकोले यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र ईच्छुक सम्बन्धित सवारी धनीले चालक सहितको मासिक भाडा दर उल्लेख गरि खाम बन्दी निवेदन यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

१. सवारी गाडी बन्द बडि (चार पाङ्ग्रे स्कार्पियो/महेन्द्रा/बोलेरो/सुमो टाटा वा अन्य समेत) कम्तीमा ८ सिट भएको हुनु पर्नेछ ।
२. कार्यालयले भाडामा लिएको अबधीभर इन्धन कार्यालयले व्यवस्था गर्नेछ ।
३. ड्राइभर मासिक पारिश्रमिक सवारी धनी स्वयंले दिनु पर्नेछ ।
४. कार्यालय कामको सिलसिलामा गाडी पालिका वा जिल्ला बाहिर जानु परेमा सवारी चालकलाई नेपाल सरकारको नियमानुसार पाउने सेवा सुबिधाको आधा रकम प्रदान गरिनेछ ।
५. सवारी धनीले पहिलो, दोस्रो, तथा तेस्रो पक्ष बीमा अनिवार्य गरेको हुनुपर्ने छ ।
६. सवारी धनीले सवारी साधनको सम्पुर्ण मर्मत सम्भार गर्नुपर्नेछ ।
७. नियमानुसार बहाल कर कट्टी गरिनेछ ।
८. सवारी साधन भाडामा लिने नलिने अधिकार कार्यालयमा निहित हुनेछ ।
९. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

.......................
प्रमुख प्रशासकीय अधिकृत

# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)